# नेपाली मूर्तिकलामा नृत्य गणेश

–रामशरण दर्नाल

हिमालयको काखमा अवस्थित नेपालमा सिद्धिदाता गणेशका मूर्ति मन्दिरमा मात्र हैन, घर–घरमा, गाउँ–गाउँमा, शहर-शहरमा र टोल–टोलमा पूजित छन् र हिन्दू राज्य नेपाल र भारतीय उप महाद्वीप बाहेक हिन्द एशिया, चीन र जापानमा समेत गणेशका मूर्तिहरू फेला पारिनुले ती देशहरूमा पनि कुनै समय गणेशको उपासना गरिंदो रहेछ भन्ने अनुमान गर्न सकिन्छ।

देवाधिदेव भगवान शङ्कर र महादेवी गौरी (पार्वती) का मानस पुत्रका रूपमा गणेशलाई धर्मशास्त्रहरूले चिनाएका छन्। गणेश पाञ्चायन देवताहरूमध्येका एक हुन्। यस अर्थमा शैव, शाक्त, वैष्णव र सौर्य सम्प्रदायहरूमा पनि गणेशको महत्त्वपूर्ण स्थान रहेको छ। गणेशका उपासकहरूलाई गाणपत्य सम्प्रदाय भनिन्छ। (रेग्मी– २०३, २०३०) नेपालको उत्तराखण्डमा प्रकृतिले यी तीनै देवताका मूर्ति कुँदेकी छन्। ती हुन्– "गौरी शङ्कर" हिमाल र "गणेश" हिमाल। प्राकृतिक रूपमा कुँदिएका ती मूर्तिलाई नेपालीहरू श्रद्धा भक्तिसाथ प्रणाम गर्छन्।

परम सिद्धिदाता गणेश मानव मात्रका मङ्गल र हितकारी हुनुहुन्छ। प्रत्येक कार्य सफल पार्न वा सफलताको कामना गर्नेले सर्वप्रथम गणेशकै पूजा आराधना गर्नु आवश्यक ठानिन्छ। सारा कार्यमा उहाँकै अग्र पूजा गरिन्छ। निर्विघ्न कार्य सञ्चालनको लागि गणेशको पूजा अनिवार्य मानिन्छ।

नेपालमा गणेशका अनगिन्ती मूर्तिहरू रहेका छन्। गणेशका सैकडौं मन्दिरहरू छन्। तिनमा अनेकौं आकारप्रकारका मूर्तिहरू प्रतिष्ठापित छन्। गणेश केवल मूर्तिकलामा मात्र हैन, काष्ठकला, धातुकला, चित्रकला र मृतिकाकलामा समेत त्यतिकै व्यापक रहेका छन्। ती सबै विधामा यहाँ चर्चा गर्नु सम्भव छैन। त्यसैले यहाँ केवल प्रस्तरमा कुँदिएका नेपाली नृत्य गणेश वा नृत्य गणपति विषयमा मात्र संक्षेपमा चर्चा गर्ने जमर्को गरिएको छ।

नेपालमा हिन्दू र बौद्ध धर्मावलम्बीहरू समान रूपले गणेशको पूजा आराधना गर्दछन्। घरमा र मन्दिरमा त नित्यपूजा गरिन्छ नै। यस बाहेक वर्षेनी गणेश चतुर्दशीमा व्रत बस्ने र पूजा उपासना गर्दछन्। वर्षेनी निश्चित तिथि मितिमा धूमधामसंग रथ जात्रा पनि चलाउँछन्।

नेपाली समाजमा गाउँघरका नेपालीहरू गणेशलाई लोक देवताको रूपमा पुज्ने गर्छन्। यसैले घरको ढोकामा दाहिनेतिरको खोपामा दर्शन ढुङ्गा राखी प्रतीक रूपमा गणेशको पूजा गरिन्छ। कालान्तरमा गणेश भावले पूज्ने गरेको ढुङ्गोले स्वयं गणेशको आकार लिएको देख्न सकिन्छ। यसरी प्राण प्रतिष्ठा गरेको कुनै

पनि ढङ्गले कालान्तरमा साधकहरूको भाव अनुसार आकार लिनु स्वाभाविकै मानिन्छ ।

नेपाली मूर्तिकलामा गणेशका स–साना प्रस्तर मूर्तिदेखि लिएर विशाल मूर्ति पनि कुँदिएको पाइन्छ । ती मध्ये धेरै जसो मूर्ति बसेका वा आसन मूर्तिहरू छन् । त्यसपछि उभिएका वा स्थानक मूर्तिहरू देखिन्छन् । सबभन्दा कम संख्यामा नृत्य गणेश वा नृत्य गणपतिका मूर्तिहरू पाइन्छन् । यसै त लिच्छवीकालदेखि बन्दै आएका शिव परिवार (उमा महेश्वर) फलक र अन्य फलकमा पनि नृत्य गणपतिलाई पनि लिने हो भने यसको संख्या बढी पनि हुन सक्ला तर एक्लो गणेश मात्र भएको नृत्य गणेशका मूर्तिहरू भने कमै देखापरेका छन् ।

नेपाली मूर्तिकलामा वैनायिकी वा विनायकी (विनायककी शक्ति) अथवा स्त्री रूप गणेशका मूर्तिहरू कतै देखापरेका छैनन् । गोविन्द टण्डनले लेख्नु भएको "काठमाडौं अधित्यकाका गणेश मूर्तिहरू"मा पनि वैनायिकी वा गणेशी मूर्तिबारे उल्लेख भएको पाइएन । शायद नेपाली मूर्तिकारहरूको ध्यान त्यसतर्फ आकृष्ट हुन सकेनछ कि ! त्यस प्रकारका मूर्ति नेपालमा देखिएन । यसतर्फ सम्बन्धित विद्वान तथा अन्वेषकहरूको ध्यान आकृष्ट हुनु आवश्यक भए जस्तो लाग्छ । भारतका प्राचीन मन्दिरहरूमा "गणेशी" नामक स्त्री गणेशको प्रस्तर मूर्ति देख्न सकिन्छ (गेट्टी– ४०, १९७१) । वीर पुस्तकालयबाट प्रकाशित "देवता चित्र संग्रहात्मक" नामक पुस्तकमा चित्र नं. २४० मा "वामना" शीर्षक दिई मुसोमाथि बसेकी गणेशी (वामना) को रेखाचित्र-सम्म देखियो । संभवतः हाम्रा प्राचीन चित्रकलाहरूमा पनि वामना वा गणेशी चित्रित होलान् । यो अनुसन्धानकै विषय भयो । यसतर्फ पनि खोजी भएमा चित्रकला मात्र हैन, कहीं मूर्तिकला पनि भेटिन सक्ने थियो होला ।

नेपाली काष्ठकला र धातुकलामा पनि नृत्य गणेश वा नृत्य गणपतिहरू ढालिएका छन् । काष्ठकला-मा टुँडाल र तोरणमा त्यस्ता नृत्य गणेश कुँदिएका हुन्छन् भने धातुकलामा मुसोमाथि नृत्य गणेश चार बाहु भन्दा बढी बाहु र एक शिरभन्दा बढी शिरहरू भएका मूर्ति पनि धातुमा ढालिएका हुन्छन् ।

नेपालको नृत्य रूप प्रस्तर गणेशको अध्ययन गर्दा केही मूर्तिहरू शिवको ताण्डव नृत्य शैलीसंग मिल्दोजुल्दो देखिन्छ भने केही मूर्तिहरू स्वच्छन्द रूपले नृत्य गर्नलागेका देखिन्छन् । नेपाली गणेश मूर्तिहरूको विशेषतामा ध्यान दिदा एउटा कुरा के स्पष्ट हुन्छ भने नेपाली मूर्तिकार-हरूद्वारा कुँदिएका पछिका सबै गणेश मूर्तिहरूका पिंडौलामा तीन कुने आकारका चाँप कुँदिएका हुन्छ । यस्तो चाँप कुँदिएका नृत्य रूप गणेशमा त अवश्य हुने नै भयो । तर यस बाहेक उभिएका र बसेका गणेशका मूर्ति-हरूमा समेत पिंडौलामा चाँप कुँदिएको देख्न सकिन्छ । शिव परिवार फलकमा रहेका नृत्य गणपतिका मूर्तिहरूमा चाँपहरू प्रष्ट ठम्याउन नसके पनि एक्लो र शक्ति सहितका महागणपति वा गणेशका मूर्तिहरूमा भने पिंडौलाका चाँपहरू प्रष्टसंग देख्न सकिन्छ । यसैले नेपाली मूर्तिकारहरूले वास्तवमा गणेशलाई नृत्य देवताको रूपमा हेरेको थाहा पाइन्छ । गोविन्द टण्डनले आफ्नो पुस्तकमा गणेशका मूर्तिहरूमा पिंडौलामा चाँप कुँद्ने चलन सोह्रौं-सत्रौं शताब्दी पछिको मूर्तिकलाको देन मान्नु भएको छ (टण्डन– ७२, २०४२) । भारतका नृत्य गणपतिका पछिका मूर्तिहरूमा पनि चाँप लगाएको देखिएको छैन । खासगरी पिंडौलामा चाँप लगाउने चलन नेपालको प्राचीन र परम्परागत नृत्यको प्रभाव हो । यस प्रकारले पिंडौला-मा चाँप लगाउने चलन आज पनि हाम्रो कतिपय देवी नाच, कटि प्याखँ जस्ता नाचहरूमा देख्न सकिन्छ । पिंडौलामा चाँप लगाउने चलन नेपाल बाहेक अन्यत्र कहीं देखिएको छैन । यसैले यो नेपाली कलाको विशिष्ट र मौलिक शैली हो भन्नुमा अत्युक्ति हुँदैन ।

नेपालमा कुँदिएका प्रस्तरकलामा नृत्य गणेश वा नृत्य गणपतिका सुन्दर र सुडौल अङ्गका मूर्तिहरू कुँदिएका छन् । गणेशलाई कहीं बायाँ खुट्टाले सम्पूर्ण भार सह्याली ताण्डव नृत्यमा मग्न रहेको कुँदिएको छ भने कहीं नृत्त भावले स्वच्छन्द रूपमा आत्मविभोर भई नृत्य गर्न लागेको मूर्ति कुँदिएका छन् । कृष्णले कालीम नागको दमन गरी उसको शिरमाथि ताण्डव नृत्य गरे जस्तै गणेशले पनि अरूको विघ्न गर्ने चोर प्रवृत्तिको मुसो-लाई दमन गरी उसैमाथि ताण्डव नृत्य गरेको भान हुन्छ ।

तर कुनै कुनै मूर्तिमा मुसो अलग्गै बसी नाच्न लागेको पनि कुँदिएको छ। नेपालमा नृत्यनाथ (नासद्यो:), कृष्ण र गणेशले बायाँ खुट्टामा शरीरको भार सम्हाली नृत्य गरेका छन् भने भारतका नटराजले दाहिने खुट्टामा शरीरको भार थामी अपस्मारमाथि नृत्य गरेका छन्। जेहोस्, ती सबै देवताले मानव हित र कल्याणकै लागि आनन्दमय ताण्डव नृत्य गरेका हुन्, जो सत्य, शिव र सुन्दर छ, लोक कल्याणकारी छ।

ती देवताहरूले गरेको ताण्डव नृत्यहरू गीत, ताल, भाव, मुद्रा र करण (पदचालन) मा विचार गर्दा मिल्दोजुल्दो देखा पर्छन्। नेपालमा गणेश नृत्य ज्यादै प्रचलित छ। लोक नृत्यदेखि परम्परागत नृत्यसम्ममा यसले ज्यादै लोकप्रियता हासिल गरेको छ। इन्द्रजात्राको समयमा देखाइने हात्ती नाच (किसी प्याखँ), दशैं ताक देखाइने गँ प्याखँ, देवी नाच र अन्य नाचहरूमा गणेशको अग्रणी भूमिका रहेको हुन्छ। इन्द्रजात्रामा कुमारीसाथ गणेशको पनि रथयात्रा सम्पन्न गरिन्छ। नेपालमा गणेश नृत्यको लागि गणपति मुद्राको छुट्टै मुद्राहरू पनि तयार गरिएको छ। यसरी नै गणपति करणहरू (पदचालन क्रिया) पनि छुट्टै छन्। नृत्यमा मात्र हैन, गायन र वादनमा पनि गणेशका अनेकौं स्तोत्र (स्तुति), भजन, निर्गुण र प्रार्थनाहरू छन्। लय र तालको लागि बोल र तालको विशेषता दर्शाउने केही तालहरू त छँदैछन्, तिनमा पनि केही तालको नाम "गणेश ताल" नामकरण गरिएको छ। यहाँ उदाहरण स्वरूप तीन प्रकारको "गणेश ताल" प्रस्तुत गरिएको छ। (शर्मा– ९०–९१, १९५९)

**अठार मात्राको गणेश ताल**

× २ ३ ४ ५
धा ऽ धि ऽ। धि ऽ धा ऽ। धा ऽ कि ऽ। त क। धा दि ति न।

**बीस मात्राको गणेश ताल**

× ० २ ३ ४ ०
धा दिन। ता ता। धेत् धेत्। धेने नग। धेत् ता। किट

५ ० ६ ७ ८ ९
तग। किड धा। किट तक। सिट। कत। गरि। गिन।

**एक्काइस मात्राको गणेश ताल**

× २ ३ ४ ५ ६ ७
धा ऽ कि ट। त। धा ऽ कि ऽ। त। क। ध दि ग न।

८ ९ १०
धि। धा। त। क्रा धा ता।

नेपालमा मङ्गलदाता गणेशको स्तुति बिहान–बेलुकी प्रभाती र आरतीको रूपमा सर्वप्रथम गाइन्छ। जुनसुकै कार्यको प्रारम्भमा गणेशकै अग्र पूजा हुन्छ। विद्यारम्भ गर्दा होस्, लेख्न लाग्दा होस् वा कुनै पनि कार्यका लागि हामी सर्वप्रथम श्रीगणेशायेनम: भन्दछौं। श्री गणेशलाई नमस्कार नगरी कार्य सफल हुँदैन भन्ने भावना सबैमा रहेको देखिन्छ। यसैले सर्वप्रथम मङ्गल-दाता सिद्धि बुद्धिपतिकै मङ्गलाचरण गरिएको हुन्छ। यसैले नमस्कारको सट्टा धेरैले "जय मङ्गलम्" भन्ने गरेको पनि सुनिन्छ। यी त भए गणेशका सांगीतिक र सांस्कृतिक पक्ष। अब म पुन: गणेशका प्रस्तर मूर्ति र तिनका मूर्ति कला विधानबारे आफूले अध्ययन गरेका गणेशका नृत्य मूर्तिहरूबारे संक्षेपमा केही चर्चा गर्ने प्रयास गर्दछु।

मैले अध्ययन गरेका नृत्य स्वरूप गणेश मूर्तिहरूमा भक्तपुर, ललितपुर, टोखा, साँखु, र काठमाडौंको रक्त-काली, तँलाछी, टेकु, र त्यौडका केही नृत्य गणेशहरू पर्दछन्। हुन त नेपालका अन्य ठाउँहरूमा पनि नृत्य गणेशका मूर्तिहरू रहेका होलान्, समग्र रूपमा अध्ययन नगरी यसै भन्न सकिंदैन। यसैले आफूले हेरेका केही नृत्य गणेशका मूर्तिहरूबारे मात्र यहाँ चर्चा गर्न लागेको छु।

लिच्छविकालदेखि मल्लकालसम्ममा कुँदिएका कुनै पनि शिव परिवार मूर्तिका फलकमा अरू गणहरूका साथ नृत्यरत गणपति पनि अवश्य नै रहेका हुन्छन् (चित्र नं. १)। कुनै फलकमा गणेश नरहनु अपवादकै कुरा ठानिन्छ। गोविन्द टण्डनले आफ्नो पुस्तकमा तीनै शहर बाहेक साँगा र फर्पिङ्गका एक्लो नृत्य गणेशको उल्लेख गर्नु भएको छ (टण्डन– ६८, २०४२)। काठमाडौं उपत्यका बाहिर पनि विभिन्न सांस्कृतिक स्थलहरूमा यस्ता अद्वितीय मूर्तिहरू रहेका हुन सक्छन्। यस्ता सांस्कृतिक सम्पदालाई जोगाई राख्नु हामी सबैको कर्त्तव्य हुन आउँछ।

टोखाको चण्डेश्वरी मन्दिरको द्वारमा एक चार बाहुयुक्त मुकुटधारी गणेश नृत्य मुद्रामा उभिएका छन् । उनका हातमा परशु (बञ्चरो), अक्षय माला, दन्त र लड्डुको पात्र रहेको छ । पिंडौलाहरूमा त्रिकोणात्मक चाँपहरू छन् । दाहिने पाउ मुसोमाथि छ भने बायाँ पाउ कमलमाथि रहेको छ । मूर्ति वरिपरि र शिरमा प्रभामण्डल छ । जनैको रूपमा नाग रहेका छन् । टोखाको यो नृत्य गणेश सुन्दर र कलात्मक छ (चित्र नं. २) । यस्तै उभिएका नृत्य गणेश भक्तपुरको हनुमान घाटको विशाल शिवलिङ्गमा रहेको छ । तीन मुख भएका यी नृत्य गणेश पनि अत्यन्त कलात्मक छन् । उनका दुवै पाउ दुई मुसामाथि छन् । मुकुट, प्रभा मण्डल र आयुधहरू र जय-माला कलात्मक रूपमा कुँदिएको छ । भूपतीन्द्र मल्लले ने. सं. ८३२ मा यो शिवलिङ्गको स्थापना गरेका थिए (चित्र नं. ३) । यहाँ नृत्य गणेशका अरू प्रस्तर मूर्तिहरू पनि छन् । यस प्रकारका मूर्तिहरूमा साँखुको नृत्य गणेश-लाई पनि लिन सकिन्छ ।

ताण्डव नृत्यरत गणेश मूर्तिहरूमा भक्तपुरका केही नृत्य मूर्तिहरूलाई अघि सार्न सकिन्छ । यिनमा सोह्रौं शताब्दीको पाढोका गणेश जसको वर्णन भाषा वंशावलीमा समेत उल्लेख छ, यो मूर्ति सुन्दर प्रस्तर मूर्तिहरूमा गणना गर्न सकिन्छ । सत्रौं शताब्दीतिरको चण्डी भगवतीको मन्दिर पछाडि नृत्य गणेश रहेको छ । भक्तपुरकै अर्को सुन्दर प्रस्तरको नृत्य गणेशको मूर्ति इताछें टोलमा छ । यस मूर्तिको निर्माणकाल थाहा भएन । तर उक्त शहरमा स्थानीय जनतामा यिनको निक्कै ठूलो महत्त्व र लोक-प्रियता रहेको थाहा हुन्छ । किम्बदन्ती अनुसार, यो मूर्तिको निर्माणपछि मूर्तिकारको हात काटिएको थियो रे । यो कथा पलाञ्चोक भगवती, नक्साल भगवती र शोभा भगवतीको मूर्ति बनाउने मूर्तिकारको कथासंग ज्यादै मिल्दोजुल्दो छ । भन्न सकिंदैन– इताछेंको नृत्य गणेशको मूर्ति बनाउने मूर्तिकार पनि तिनै थिए कि ? भक्तपुरका उपर्युक्त तीनै वटा मूर्तिहरू ताण्डव शैलीमा कुँदिएको छ । यी तीनै वटा मूर्तिका चार–चार बाहु रहेका छन् । आयुध र मुकुट पनि उस्तै देखिन्छन् । यज्ञोपवित (जनै) को रूपमा नाग बेरिएको छ । तीनै वटा मूर्तिका पिंडौलामा चाँप देखिंदैन । छेउमा तिनका वाहन मुसा रहेका छन् । यी तीनै वटा मूर्तिहरूमध्ये इताछेंको ताण्डव शैली-को नृत्य गणेशको प्रस्तर मूर्ति ज्यादै सुन्दर र कलात्मक देखिन्छ । कलाकारले आफ्नो भाव र शीपको राम्रो प्रयोग गर्दै यो मूर्तिलाई बायाँ खुट्टाको पञ्जा मात्रले पूरै शरीरको भार थाम लगाई लयात्मकता प्रदान गरेका छन् (चित्र नं. ४) ।

ललितपुरको पिलाछें टोलका नृत्य गणेश र काठमाडौंको रक्तकालीनिरको नृत्यमय गणेश ज्यादै मिल्दो-जुल्दो शैलीमा कुँदिएको छ । त्यौड र तँलाछी टोलका गणेशहरू पनि यस्तै शैलीमा कुँदिएका देखिन्छन् । टेकु-देखि लगन जाने उकालोमा पूर्वतिर फर्केका एक अर्का नृत्य गणेश छन् । करीब दुई फीट अग्लो, चार बाहुयुक्त सो प्रस्तर मूर्ति बडो फूर्तिलो र छरितो देखिन्छ । गणेशका ती नृत्य मूर्तिहरूमा पनि पिंडौलामा चाँप लगाएको देखिएन । यसैले ती मूर्तिहरू पनि सोह्रौं शताब्दी अघिका हुन् कि भन्ने अनुमान लगाउन सकिन्छ ।

नृत्य मूर्तिहरू आनन्द र प्रसन्नताका प्रतीक हुन् । यस किसिमका नृत्त र नृत्य मूर्तिहरूले देवताहरू मात्र हैन, तिनका भक्तहरू समेत प्रसन्नताको अनुभूति गर्न सक्छन् । गणेश विनायक वा गणपतिको यस किसिमका आनन्द मूर्तिहरू कलाकारले विना आधार कुँदिएका छैनन् । शास्त्र सम्मत र मूर्तिकला विधानकै आधारमा ती कुँदिएका छन् । बी. आर. शर्माले गणपति विनायकको एउटा अर्कै लोक भएको कुरा उल्लेख गर्नु भएको छ । मङ्गलदाता गणपतिको लोकलाई उहाँले "स्वानन्द लोक" भन्नु भएको छ । स्वानन्दलोक दिव्य लोक हो । चन्द्रलोक र सूर्यलोक जस्तै गणपतिको लोकलाई स्वानन्दलोक भनिएको हो (शर्मा– २०, १९७५) । स्वानन्दलोक र दिव्यलोकमा गणपति सदा नृत्यरत छन् । कालचक्र झैं गणपतिको नृत्य सदा चलिरहन्छ । यस महानृत्यमा ताल र सुरमा कहीं गडबडी हुनुहुँदैन, अन्यथा प्रलय मच्चिन सक्छ । गणपतिको गतिलाई निरन्तरता प्रदान गर्न उनको नृत्य चालू राख्न भक्त र साधकहरू प्रसन्न चित्तले उनको प्रार्थना र स्तुति गर्दछन् । जे होस्, गणपतिका नृत्य मूर्तिहरूले भक्तहरूलाई मात्र हैन, मूर्तिको दर्शन गर्ने



लगन, पोडें टोलको ढुंगेधारास्थित उमामहेश्वरको फलक (प्रस्तर) (चित्र नं. १)



नृत्य गणेश, टोखा (चित्र नं. २)



नृत्य गणेश, हनुमान घाट, भक्तपुर (चित्र नं. ३)



नृत्य गणेश, इताछेँ टोल, भक्तपुर (चित्र नं. ४)

जोसुकैले पनि आनन्द र प्रसन्नताको अनुभूति प्राप्त गर्न सक्छ । धन्य हुन्– ती अज्ञात मूर्तिकार जसले आफ्नो देशको कलाकृतिलाई समृद्ध पार्न त्यस्ता सुन्दर मूर्तिहरू प्रस्तरमा कुँदे । अतीतका ती अमर कलाकारहरूबाट प्रेरणा लिई आजका कलाकारहरूले आफ्नो कलालाई समृद्ध पार्दै जानु छ । ती कलाकृतिहरूले हामीलाई यस्तै संदेश दिइरहे झैं लाग्छ ।

**सन्दर्भ– ग्रन्थ**


१. **भाषा वंशावली (भाग २)**
–नेपाल राष्ट्रिय पुस्तकालय, २०२३

२. **देवता चित्र संग्रहात्मक**
वीर पुस्तकालय, २०१९

३. **नेपालको धार्मिक इतिहास**
–जगदीशचन्द्र रेग्मी,
ने. रा. प्र. प्र., २०३०

४. **ताल प्रकाश**
–भगवतशरण शर्मा
सङ्गीत कार्यालय, हाथरस– सन् १९५९

5. *Ganesa : A Monograph on the Elephant-faced God (2nd Edn.)*
–Getty Alice
Munshiram Manoharlal, New Delhi,
1971

६. **धार्मिक दर्पण (गणेश अङ्क)**
वर्ष १, अङ्क १, २०४३

७. **गणेश : धार्मिक कलाको एक रोचक पक्ष**
–ध्रुवकृष्ण "दीप"
स्वतन्त्र विश्व, वर्ष ९, अङ्क ११

८. **काठमाडौं उपत्यकाका गणेश मूर्तिहरू**
–गोविन्द टण्डन
नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.
२०४२

9. *Swanandaloka (The Abode of Ganapati)*
B. R. Sharma
Dilip, Vol. II, No. 5, Sept/Oct, 1975
Bombay